# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ६) नौथर, लमजुङ २०७९ साल चैत्र ५ गते (संख्या ०२)

## भाग-२

## सामुदायिक आधारभुत/माध्यमिक विद्यालयका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

(गाउँसभाबाट स्वीकृत मितिः २०७९/१२/०३)

१) परिचयः

दोर्दी गाँउपालिकाको आ व २०७९/८० को लागी स्वीकृत कार्यक्रम अनुसार सामुदायिक विद्यालयमा रहेका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा)मा गरिने सिकाई सहजिकरणलाई बालमैत्री प्रविधीमैत्री मापनयोग्य उपलब्धीमुलक एवं गुणस्तरिय बनाउन सम्पूर्ण सामुदायिक विद्यालयहरुमा रहेका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा)लाई ब्यवस्थितगर्दै नमुना बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा)मा रुपान्तरण गर्ने उदेस्यका साथ विशेष अनुदान बजेट विनियोजन भए अनुसार उक्त कार्यक्रमलाई पारदर्शी ब्यवस्थित र नतिजामुलक बनाउने अभिप्रायले यो कार्यविधि निर्माण गरी लागु गरिएको छ।

### परिच्छेद – १
### प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "  सामुदायिक आधारभुत/माध्यमिक विद्यालयका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

१. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) ‘‘ऐन’’ भन्नाले ‘‘दोर्दी गाँउपालिकाको शिक्षा ऐन,२०७५’’ लाई सम्झनु पर्छ।

(ख) ‘‘कार्यपालिका’’ भन्नाले दोर्दी गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) ‘‘गाँउपालिका’’ भन्नाले दोर्दी गाँउपालिकालाई सम्झनु पर्छ।

(घ) ‘‘प्रमुख’’ भन्नाले दोर्दी गाँउपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले दोर्दी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) ‘‘शाखा’’ भन्नाले दोर्दी गाँउपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(छ) ‘‘शिक्षा अधिकृत’’ भन्नाले गाँउपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ज) ‘‘विद्यालय’’ भन्नाले दोर्दी गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालय सम्झनु पर्छ।

(झ) ‘‘कार्यक्रम’’ भन्नाले समुदायिक आधारभुत/माध्यमिक विद्यालयमा बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन कार्यक्रम सम्झनु पर्छ।

(ञ) ‘‘बाविकासकेन्द्र’’ भन्नाले सामुदायिक माध्यमिक/ आधारभुत विद्यालयमा तिन वर्ष उमेर पुरा गरेका बालवालिकाहरुलई एक वर्षको विद्यालय पूर्वको शिक्षा दिनका लागी स्थापित केन्द्र सम्झनु पर्छ।

(ट) ‘‘समिति’’ भन्नाले समुदायिक आधारभुत/माध्यमिक विद्यालयमा गठीत बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन गर्नका लागी बनेको समिति बुझ्नु पर्छ।

३। कार्यक्रम सञ्चालनका आधारहरुः सामुदायिक आधारभुत/माध्यमिक विद्यालयका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन कार्यक्रमका आधारहरु देहाय बमोजिमका हुनेछन्।

(क) कम्तीमा एक जना बालविकास सहजकर्ता दरवन्दी कायम रहेको विद्यालय।

(ख) नियमित रुपमा बालकक्षाका बालवालिकाहरु उपस्थीत रहने विद्यालय।

(ग) विद्यालयमा विद्युत पुगेको र बालकक्षामा जडान गरिएको हुनु पर्ने।

(घ) विद्यालयमा बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन गर्नकालागी यसै आ व मा संघ, प्रदेश र स्थानिय तहबाट बजेट उपलब्ध नगराईएको ।

(ङ) बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सञ्चालनको लागी मापदण्ड अनुरुप कक्षा कोठाको ब्यवस्था गरेको हुनु पर्ने।

(च) दिवा खाजा कार्यक्रम अन्तर्गत खाजा विद्यालयमानै खाजा पकाउने खुवाउने ब्यवस्था मिलाईएको हुनु पर्ने।

परिच्छेद – २

४। विद्यालय छनोटका आधारहरु – ३५ पूर्णाङ्क

विद्यालय छनोटका आधारहरु देहायबमोजिमका हुनेछन्।

(क) विद्यालयमा बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) का लागी छुट्याईएको कोठा।-१० अङ्क

(ख) बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) मा नियमित उपस्थित बालवालिका सङ्ख्या– १० अङ्क

(ग) बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा)मा बालबालिका भर्ना दर – १० अङ्क

(घ) विद्यालयको भौतिक वातावरण सुरक्षा प्रबन्ध - १० अङ्क

(ई) विद्यालयको सेवा क्षेत्र र विद्यालय वरपरको समुदाय - १० अङ्क

५। प्रस्ताव आह्वानको सूचना

(क) सामुदायिक आधारभुत/माध्यमिक विद्यालयका बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७९को अनुसूची १ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ।

(ख) प्रताव पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकासन गर्नेछ।

(ग) विद्यालयले प्रस्तावको साथमा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

१ कार्यक्रम माग सहितको प्रस्तावना। अनुसूची १ बमोजिम।

२ वि ब्य स बाट कार्यक्रम आवश्यक रहेको र माग गर्ने निर्णयको प्रतिलिपी ।

३ विद्यालयमा संचालित उच्चतम कक्षाको विगत तिन वर्षको नतिजा।

४ वडा कार्यालयको सिफारीस ।

(घ) विद्यालयले सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन अनुसारको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

६। सूची प्रकाशन

दफा ४ का आधारमा छनोट भएका विद्यालयहरुको नामावली शाखाले सूचनापाटीमा टाँस गर्नेछ। छनोट सम्पन्न भइसकेपछी शाखाले विद्यालयहरुलाई सम्झौताको लागी प्रत्राचार गर्नेछ।

परिच्छेद – ३

७। अनुदान रकम

(क) छनोट भएका विद्यालयहरुमा बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन गर्नका लागी वालविकास केन्द्रहरुलाई विभिन्न श्रेणीमा बर्गीकरण गरी रु १५००००। (एक लाख पचासहजार) देखी रु २५००००। (दुई लाख पचासहजार) सम्म विनियोजन हुनेछ।

(ख) सम्झौता अनुसारको सामाग्री खरीद र निर्माण कार्य सम्पन्न भए पछी कार्यक्रम सम्पन्न गरीएको कागजात शाखामा पेश गर्नु पर्नेछ।

(ग) विद्यालयले बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापनको लागी स्थानिय तहको प्रतिनिधी वि ब्य स को प्रतिनिधी बाल शिक्षिका र प्रधानाध्यपक सहितको चार जनाको समिती गठन गर्नु पर्नेछ।

(घ) विद्यालयले कार्यक्रम सम्पन्न भएको प्रतिवेदन कार्य भएको भनि वि ब्या स बैठकबाट भएको निर्णय वडाको सिफारीस सहित शाखामा पेश गर्नु पर्नेछ।

(ङ) शाखाले कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरिनेछ।

(च) छनोटमा परेका विद्यालयहरुले तोकिएको समयमानै सम्झौता गरि सक्नु पर्नेछ।

(छ) सम्झौता भएको १५ दिन भित्रनै कार्य प्रारम्भ गरी ६० दिन भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ।

अनुसुची-१

बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापन प्रस्ताव

१ परिचय

क। विद्यालयको नामः

ठेगानाः मो नः इमेलः

ख। प्रधानाध्यापकको नामः

ग। परियोजनाको नामः

घ। परियोजनाको लागतः

ङ। परियोजना सुरु मितिः

च। परियोजना सम्पन्न हुने मितिः

२। विद्यालय परिचय

क। विद्यालयः विद्यालय स्थापना कालदेखी हालसम्मको अवस्था

ख। शैक्षिक उपलब्धीको अवस्थाः

ग। विद्यालयको सेवा क्षेत्रको सामाजिक नक्सा

घ। उद्देस्य

५ विद्यालयको वर्तमान अवस्थाः

क। जनशक्ती

ख। विद्यार्थी संख्या

ग। भौतिक अवस्था  भवन र कोठा संख्या खुल्ने गरी

घ।  विद्युतको अवस्थाः

६   शिक्षण सिकाईमा योगदानः

क। प्रयोग रणनीति

ख। प्रयत्यक्ष लाभान्वित विद्यार्थी संख्या

ग। प्रत्यक्ष लाभान्वित शिक्षक संख्या

७   प्रस्तावमा पेश हुनु पर्ने कागजातहरुः

क। यो बर्ष यो किसमको योजना नलिइएको स्व घोषणा पत्र ।

ख। प्रस्तावित कार्यक्रम संघ प्रदेश र शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त भए नभएको जानकारी।

ग। विद्यालय ब्यवस्थापन समितिको निर्णयका प्रतिलिपी ।

अनुसुची-२

बालविकास केन्द्र (पूर्व प्राथमिक कक्षा) सुदृढीकरण तथा ब्यवस्थापनमा आवश्यक न्यूनतम सामाग्री

| S.N. | Item |
|---|---|
| 1 | Minimum 100Mbps Fiber Internet |
| 2 | LCD/LED smart TV 75-95Inch. |
| 3 | Indoor play station |
| 4 | Learning Equipment's (Learning While playing materials) |
| 5 | Minimum 500watt Invertor/ UPS |
| 6 | Floor mat and mini Table |
| 7 | |

❖ पालिकामा सुचिकृत  आपूर्तीकर्ता बाट तोकिए बमोजिमको सामाग्री खरीद गर्नु पर्नेछ।

❖ विद्यालयले माथी उल्लेखित सामानहरुको विस्तृत Technical specification तयार गराई सार्वजनिक सूचना गर्नु पर्दछ।

❖ विद्यालयले सामान प्रदान गर्न प्रतिष्पर्धा गर्न आपूर्तिकर्ताबाट सामान आपूर्ति गर्ने कागजातमा खरिद पूर्व तयारी सम्बन्धी आपूर्तीकर्ताबाट नमूना परिक्षणको व्यवस्था गरि खरिद सम्बन्धी कार्य गर्ने व्यवस्था समावेस गर्नुपर्ने छ।

**आज्ञाले,**
**शम्सेर गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**

दोर्दी गाँउपालिका